आदरणिय  यस तेश्रो गाउसभाका अध्यक्ष ज्यु
प्रमुख प्रशासकिय अधिकृत ज्यु, वडा अध्यक्ष एवम् गाउसभा सदस्य ज्युहरु, संचारकर्मी ज्यूहरु,, एवम् उपस्थित महानुभावहरु

यस तेश्रो गाउसभामा वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले अगामी आर्थिक वर्ष आ.व.२०७६।०७७ का लागि अनुमानित नीति, कार्यकम तथा बजेट प्रस्तुत गर्न  पाउदा म आफुलाई गर्भान्वित महसुस गरेको छु । नेपालको संविधानले निर्दिष्ट गरेको उदेश्य, सिद्वान्त तथा नीतिहरु, राष्ट्रिय लक्ष्यहरु, क्षेत्रगत योजनाहरुलाई मुख्य आधार बनाइएको छ । यसैगरी स्थानीय सरकर संचालन ऐन २०७४ तथा स्थानीय तहको योजाना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४लाई आधार मानी सो को पालना गरिएको छ । योजना तर्जुमा, कार्यान्वयन र अनुगमन सर्वसुलभ ढंगले आम पटेर्वा सुगौली गाउपालिका बासी समक्ष घरदैलोमै सेवा प्रवाह गर्ने दायित्व लिई जनतामुखी नीति, कार्यकम तथा बजेटलाई सन्तुलित, जनमुखि र अग्रगामी बनाउन गाउपालिका हरसम्भव प्रयत्नशील रहेको ब्यहोरा निवेदन गर्न चाहन्छु ।

**अगामी  आ.ब.०७६।०७७ को बार्षिक नीति बजेट तथा कार्यकम**

**१ सोच**

नेपालको एक समुन्त,समृद्ध र उत्कृष्ट स्थानीय तहको रुपमा नमुना पटेर्वा सुगौली गाउँपालिका स्थापित गर्ने द्धीर्घकालिन सोच रहेकोछ ।

**२ लक्ष्य**

आ.ब.०७६।०७७ को अन्त सम्ममा पटेर्वा सुगौली गाउँपालिकालाइ पूर्ण सरसफाई तथा पूर्ण खोप क्षेत्रको सुनिश्चतता  र भौतिक विकासका प्रगतिहरु आम नागरिकहरुले सहजैं महसुस गर्न सक्ने लक्ष्य लिएकोछ ।

**३ उदेश्य**

पटेर्वा सुगौली गाउँपालिका बासीले एक बर्ष भित्रमा आफनो जिवन स्तरमा परिवर्तन भई दैनिक जिवन यापनमा सहजता भएको महसुस  गर्नेछन ।

**४. अपेक्षित उपलब्धि**

आ.ब.२०७६।०७७ को अन्त सम्म देहायका उपलब्धीहरु हासिल गर्न अपेक्षा राखिएकोछ ।

- पूर्ण सरसफाई तथा पूर्ण खोप क्षेत्र घोषणा भएको हुनेछ ।
- सडक संजालको बिस्तार स्तर उन्नति तथा सुरक्षित, गुणस्तरिय र भरपरदो यतायातको पहुचमा बृद्धि भएको हुनेछ ।
- पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय तथा पाचै वटा वडा कार्यालयका भौतिक संरचनाको निर्माण कार्य सुरु भई सेवा प्रवाहलाई सरल,प्रभावकारी र जनमुखी भएको हुनेछ ।

- उज्यालो पटेर्वा सुगौली गाउँपालिका अभियान सुरु भई गाउँपालिकाका सबै वडा र टोलहरुमा बिधुत सेवाको सुनिस्चिता प्रदान गर्ने र आवश्यकता अनुरुप बैकल्पिक उर्जाको पनि उपयोग गरिनेछ ।
- पटेर्वा सुगौली गाउँपालिकाको पाचै वडाहरुमा रहेका स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरुमा प्रभावकारी स्वास्थ्य सेवाको साथ साथै नि:शुल्क औषधी उपलब्ध गराउनका साथै प्रजनन स्वास्थ्य, किशोरी शिक्षा , पोषण , वालसंरक्षण, खानेपानी तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिइने छ । बिरामीको रगत, दिशा पिसाब जाच का लागि प्रयोगशाला संचालन तथा X-RAY सेवा उपलब्ध गराइने छ ।
- यस गाउपालिकाको शिक्षा क्षेत्रमा देखिएका कमि कमजोरीहरुलाई निवारण गर्दै गुणस्तरिय शिक्षा प्रदान गर्न शिक्षकहरुको मनोबल उच्च राख्न क्षमता विकास तालिम प्रोत्साहन स्वरुप पुरस्कारको ब्यवस्था गरिने छ ।
- पटेर्वा सुगौली गाउँपालिकामा गर्दै आएको परम्परागत कृषि प्रणालीमा सुधार ल्याई आधुनिकीरणको सुरुवात हुनेछ । जसबाट कृषक युवा लक्षित बर्ग लाभान्वित हुनेछ ।
- बिपद व्यवस्थापन पुर्व तयारी तथा प्रतिकार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको हुनेछ ।
- सार्बजनिक प्रशासनलाई चुस्त,दुरुस्त, पारदर्शी, जवाबदेही र भ्रष्टाचार मुक्त बनाउन गुनासो सुनवाई सयन्त्रलाई प्रभावकारी बनाईनेछ ।

**५ बार्षिक बजेट**

नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा अधारहरु

१..१ समग्र नीति तथा आधारहरु

- यथार्थपरक आवश्यकता र प्राथमिकतामा आधारित विकास योजनामा लगानी गरी नतिजामुखी र उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्ने नीति लिइएको छ । छरिएका टुक्रे विकासलाई निरुत्साहन र बृहत क्षेत्र समेट्ने समग्र योजनालाई प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाभित्र सञ्चालन हुने सरकारी, गैरसरकारी संघ संस्थाका कार्यक्रमलाई एकद्वार प्रणालीमा आवद्ध गरी कार्यक्रममा हुने दोहोरोपनालाई हटाइने छ ।
- सार्वजनिक परीक्षण,निर्माण कार्यको भौतिक निरीक्षण मार्फत विकास कार्यलाई पारदर्शी र उत्तरदायी बनाइनेछ । लक्षित वर्गका कार्यक्रमलाई वास्तविक लक्षित वर्ग प्रत्यक्ष लाभान्वित हुने गरी उत्पादनमूलक बनाइनेछ ।

गाउँपालिकाभित्रका परम्परागत स्थानीय उत्पादनलाई आधुनिकीकरण गर्दै रोजगारी सृजनामार्फत आय वृद्धि गर्न प्रोत्साहत गरिनेछ ।

- स्थानीय तहको सरकारले कार्यपालकीय, व्यवस्थापकीय र न्यायिक समितिको रुपमा न्यायपालकीय अधिकार समेत प्रयोग गर्ने भएकाले नेपालको संविधानमा व्यवस्था भएका एकल अधिकार तथा साझा अधिकार सूचीभित्रका विषय कार्यान्वयनको दिशातिर उन्मुख हुँदै समृद्ध र समुन्नत गाउँपालिकाको निर्माणको लागि यथाशीघ्र विस्तृत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याईनेछ ।
- राजश्व र कर प्रशासन सम्बन्धी नीतिको निर्माण गरी राजश्व परामर्श समितिबाट पहिचान भएका राजश्वका स्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ । हामीले तिरेको कर हाम्रै लागि भन्ने

नाराका साथ सबै पेशा व्यवसायलाई करको दायरामा समेटिने छ । राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्न सफल वडालाई प्रोत्साहन स्वरुप पुरस्कार दिइनेछ । बजेट विनियोजन गर्दा वडागत आवश्यकता र प्राथमिकताका साथै जनसंख्या, भूगोल, पूर्वाधार लगायत वस्तुगत तथ्य र तथ्याङ्कका आधारमा संविधानले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्ने गरी तय गरिनेछ ।

- दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र बस्ती स्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका खानेपानी, कृषि, शिक्षा, स्वास्थ्य, ग्रामिण सडक, ऊर्जा, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाइनेछ । जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक व्यवस्था गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कार साथै तालिमको व्यवस्था गरिनेछ । स्थानीय उपभोक्ताले विकासलाई आत्मसाथ गर्ने भावनाको विकास गर्नमा जोड दिइने छ ।
- बालबालिका तथा महिलाहरुको पोषण स्थितीमा सुधार ल्याई आर्थिक प्रगतीका साथै मानव पूँजीको रुपमा विकास हुने भएकोले बहुक्षेत्रीथ पोषण योजनालाई प्राथमिकता साथ अगाडी बढाउने नीती लिइएको छ ।
- सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, सार्वजननिक परीक्षण, खर्च सार्वजनिकीकरण, लैंगिक बजेट विश्लेषण जस्ता विधिहरुको अवलम्वन गरि गाउपालिका संग सम्वन्धित कृयाकलाप पारदर्शी र जवाफदेही बनाइने छ ।
- चालु आ.व. २०७५।०७६ मा संचालन भै अधुरा रहेका योजना र शुरु हुन नसकेका अति आवश्यक योजनाहरु निरन्तरता दिइने छ।

## ६ क्षेत्रगत नीति तथा आधारहरु :

**(क) आर्थिक क्षेत्र...**

**बजेट तथा स्रोत परिचालन तथा स्रोतहरुको पहिचान सम्बन्धी**

१. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न आन्तरिक राजश्व परामर्श समितिबाट स्वीकृत राजश्वको श्रोत दायरा र दर समेतलाई आर्थिक ऐनमा उल्लेख भएका बिषय बस्तुलाई प्रभावकारी रुपमा लागु गरिनेछ साथै यस क्षेत्रमा पाईने ढुङगा,गिटी,बालुवा र पोखरीको प्रयोगलाई करको दायरामा ल्याईनेछ ।

## २.कृषि तथा पशु विकास

–कृषि उत्पादनमा विविधिकरण र व्यवसायिककरणा जोड दिदैं खाद्दान्न बाली, मौसमी तथा बेमौसमी तरकारीहरु,फलफुल तथा नगदे बालीको खेती जस्ता आयमुलक खेती कार्यक्रमलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ । खाद्दान्न बाली अन्तर्गत धान तथा गहुको उन्नत जातका बिउ ५० प्रतिशत अनुदानमा उपलब्ध गराउनका शाथै तरकारीको उन्नतजात बीउ समेत उपलब्ध गराईने छ । कृषि उपज बढाउन जथाभावी विषादीको प्रयोगबाट माटोको उत्पादकत्व क्षमतामा नकारात्मक प्रभाव परिरहेको सन्दर्भमा गाउपालिका सवै क्षेत्रमा माटो परिक्षण, विषादी नियन्त्रण तर्फ ठोस पहल कदमिहरु चालीने छ । माटोको उर्वराशक्ति कायम राख्न हरियो मल, कम्पोष्ट मल तथा जैविक मल प्रयोगमा जोड दिइनेछ । ग्रामीण क्षेत्रमा युवा कृषि श्रमिकहरुको

कमीले उत्पादनमा पर्न गएको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न कृषि यान्त्रिकीकरण कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइने छ । उन्नत जातका पशुपालन विधी भित्राई दुध उत्पादनमा आत्मनिर्भर भई अन्य ठाउमा निर्यात गर्न सकिने छ साथै बाखापालनको लागि पाकैट क्षेत्र तोकी त्यस तर्फ बिशेष जोड दिइनेछ र त्यसको लागि उन्नत जातको बोका खरिद गरी उपलब्ध गराइनेछ ।

## ३.उधोग तथा बाणिज्य

स्थानीय शिप र श्रममा आधारित उधोगलाई वातावरण मैत्री उधमको विकास तर्फ प्रोत्साहन गरिने छ । गाउपालिका भित्र रहेका थोक तथा खुद्रा पसलहरुमा बस्तुको मुल्य सूची अनिवार्य रुपमा राखिने ब्यवस्था मिलाउन पहल गरिने छ । साना तथा घरेलु उधोगलाई प्रोत्साहन गर्दै स्व रोजगारको ब्यवस्था मिलाउन पहल गरिने छ ।

## ४.पर्यटन

यस गाउपालिकामा रहेको दुग्धेश्वरनाथ महादेव भाठा, गादी माई, भुमरीमाई बनसप्ती माई लगायतका क्षेत्रलाई धार्मिक पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न प्रचार प्रसारमा बिशेष जोड दिइने छ ।

## ख) सामाजिक विकास

### १. शिक्षा

- सामुदायिक विधालयको भौतिक पूर्वाधार विकासका साथै फर्निचर ब्यवस्थापनमा जोड दिइनेछ र सामुदायिक विधालयको पठन पाठनलाई गुणस्तरीय बनाउन स्थानीय राजनैतिक दल, बिधालय ब्यवस्थापन समिति, शिक्षक, अभिभावक र बिधार्थी विच छलफल र हार्दिकताको वातावरण सृजना गर्न अभिप्रेरित गरिने छ साथै उमेर पुगेका वालवालिकालाई बिधालय भर्ना गर्न अभियानको रुपमा वडाअध्यक्षको सकृयतामा बिधार्थी भर्ना अभियान संचालन गरिने छ। उच्च माध्यमिक विद्यालय संचालन भएका तिन वटैं बिधालयमा पुस्तकालयको ब्यवस्था मिलाइने छ । यस गाउपालिकाको शिक्षा क्षेत्रमा देखिएका कमि कमजोरीहरुलाई निवारण गर्दै गुणस्तरिय शिक्षा प्रदान गर्न शिक्षकहरुको मनोबल उच्च राख्न क्षमता विकास तालिम र प्रोत्साहन स्वरुप पुरस्कारको ब्यवस्था गरिने छ र वाल विकास सहजकर्ताहरुलाई बिशेष ग्राहयता दिइने छ । बिधालयहरुमा स्वास्थ्य सम्बन्धी किशोरी शिक्षा पोषण सम्बन्धि बिषयमा कक्षा संचालन गरिने छ । कक्षा १२ मा अध्ययनरत छात्राहरुलाई साइकलको ब्यवस्था मिलाइने छ । यस गाउपालिकालाई पूर्ण साक्षर बनाउन बनाउन आवश्यक कार्यकमको ब्यवस्था मिलाइने छ ।

### २. स्वास्थ

- मौलिक हकको रुपमा रहेको स्वास्थ सेवालाई जनताको घरदैलोमा सरल र सुलभ रुपमा पहुच पुर्याउन आवश्यक पहल गरिनेछ । स्वास्थ्य चौकी, गाउघर क्लिनिक खोप क्लिनिकको स्तरउन्नति गर्दै सेवा प्रवाहलाई चुस्त बनाइने छ । स्वास्थ संस्थाहरुको भौतिक पूर्वाधार निर्माणमा सुधार गरिनेछ र स्वास्थ सेवाहरु सर्वसुलभ एवम् प्रभावकारी रुपमा संचालन गरिने छ साथैं गुणस्तरीय औषधी र स्वास्थ सामाग्रीहरुको सहज तथा प्रभावकारी आपूर्ति एवम् उपयोगलाई सुनिश्चित गरिने छ। यस गाउपालिका लाई पूर्ण खोप गाउपालिका घोषणा गरिने छ र बहुक्षेत्रिय पोषण योजना कार्यक्रम अनुसार कुपोषणलाई न्युनिकरण गर्ने तर्फ आवश्यक पहल गरिनेछ। मातृ शिशु स्वास्थ्य र हेरचाहमा संलग्न स्वमंसेविकाको उच्च मनोवल कायम राख्न आवश्यक प्रेरक तत्वको उपलब्धतामा

जोड दिइनेछ । वार्ड नं.२ मा रहेको स्वास्थ्य केन्द्रमा आधुनिक मेशिनबाट रगत, तथा दिशा पिसाब जाच गर्नुको साथै आधुनिक X-RAY मेशिनबाट बिरामीको X-RAY गरिने सुबिधा उपलब्ध हुनेछ ।

### ३. खानेपानी तथा सरसफाई

पानी नै प्राणी जगतको जीवनको आधार भएकोले पर्टेवा सुगौली गाउँपालिकाका सबै वडाका जनताको घर घरमा शुद्ध र स्वच्छ सहज पिउने पानी पुऱ्याउने नयाँ खानेपानी धारा जडान , पुराना आयोजनाको मर्मत संभार गरी नियमित गराउन स्थानीय पर्रुवाधार विकास साझेदारी कार्यक्रम, प्रदेश साझेदारी कार्यक्रम,संघिंय साझेदारी कार्यक्रम र उपभोक्ता संग समेत साझेदारी गरी संचालन गर्नका साथै स्वच्छ पिउने पानीका लागि आवश्यक जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गरिनेछ । स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल व्यवस्थापनमा विशेष ध्यान दिईनेछ । विधालयहरुमा शौचालय निर्माण कार्यमा बिशेष जोड दिइने छ ।

### ४. सांस्कृतिक प्रवर्द्धन तथा लैङ्गिक सामानता तथा सामाजिक सामावेशिकरण

यस गाउपालिका भित्र मनाइने पर्वहरु जस्तै दशैं, तिहार, छठ, माघेसंकान्ती (खिचडी) इद बकरिद, घाटो, ब्रहम पुजा जस्ता बहुसंस्कृति प्रवर्द्धन गरिनेछ र थारु बहुलता भएकोले बृहत रुपमा मनाइएको माघेसंकान्ती (खिचडी) पर्व र घाटोको लागि रकम समेत उपलब्ध गराइनेछ । आर्थिक समाजिक लैङ्गिक अनुकुल शासन प्रणाली अवलम्बन गरी लैङ्गिक समतामूलक तथा समानतामा आधारित योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन र अनुगमन कार्यलाई प्रभावकारी बनाउँदै लगिनेछ । हिंसा पीडित, एकल महिला, जोखिममा परेका, अपाङ्ग बेसहारा महिलाहरुको अधिकार संरक्षण, प्रवर्द्धन र सामाजिक सुरक्षालाई निरन्तरता गरिनेछ । महिलाहरुको सशक्तिकरणको लागि सिप र क्षमता विकास कार्यकमलाई जोड दिइनेछ । बालबालिकाहरुको नेतृत्व विकास एंव व्यवस्थापकिय क्षमता अभिबृद्धि गरी सर्वाङ्गिण विकासको नीति लिइने छ । आर्थिकरुपले कमजोर असक्त (अपांग) व्यक्तिहरुलाई शिपमुलक, आयमुलक तालिम दिई जीविकोपार्जजनमा सुधार ल्याइनेछ । समाजमा अग्रणी भूमिका निर्वाह गर्दे आएका जेष्ठ नागरिकहरु समाजका अग्रज र अमूल्य निधिहरु भएकाले उनीहरुको बाँकी जीवनयापनलाई अझ बढी सहज र सम्मानित एवम् मर्यादित बनाउन आवश्यक पहल गरिनेछ । आदिवासी, जनजाति र उपेक्षित जातिहरुको उत्थानको लागि उनीहरुको सवलीकरण गर्ने र परम्परागत सीप, दक्षता र विशेषतामा आधारित कार्यक्रम संचालन गरिनेछ । विपन्न, दलित, अल्पसंख्यक सिमान्तकृत, समलिङ्गी बर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत शिपलाई आधुनिकिकरण गर्ने कार्यक्रमहरुमा जोड दिइनेछ । आयोजनाहरुमा लाभान्वित हुने दलित बर्गको सहभागिता सुनिश्चित गरिनेछ ।

## ग) पूर्वाधार विकास

### १. सडक, पुल

गाउपालिका.स्तरका सडकहरु निर्माण, संचालन र मर्मत संभार गर्ने कार्यलाई प्राथमिक्तामा राखी संचालन गरिनेछ । सडक तथा पुल निर्माणलाई दिगो र गुणस्तरीय रुपमा निर्माण गरिने नीति लिइएको छ । सडक निर्माण कार्य अन्तर्गत माटो पुर्ने कार्यलाई निरुत्साहित गर्दै पक्कि सडक निर्माण गरिनेछ । कमागत र अधुरो सडक योजनाहरुलाई प्राथमिकता दिइने छ । गाउँपालिका स्तरीय सडक ग्रेभल नाला तथा पूल, पुलेसा निर्माण कार्यलाई स्थानीय पर्रुवाधार विकास साझेदारी कार्यकम, प्रदेश साझेदारी कार्यकम,संघिंय साझेदारी कार्यकम तथा

दातृसंस्था र उपभोक्ता संग समेत साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ । झोलुङ्गे पुल निर्माण कार्यलाई प्राथमिक्तमा राखी समपुरक कोषको ब्यवस्था गरिनेछ ।

## २. ग्रामीण विद्युतीकरण तथा उर्जा विकास

.सहभागितात्मक योजना तर्जुमा प्रकृयाबाट माग भै आएका विद्युत सेवा नपुगेका वडाहरुमा विद्युत पुऱ्याउन सामुदायिक विद्युतीकरणलाई प्राथमिकतामा राखि कार्यान्वयन गर्दै लगिनेछ । .सुधारिएको चुल्हो, निर्माणमा जोड दिई घरभित्रको धुवा रहित गाउपालिकाको घोषणा गरी परम्परागत उर्जा माथिको निर्भरतालाई क्रमशः घटाउदै लगिनेछ । गाउपालिका भित्र सोलर बत्ती जडानको ब्यवस्था गर्न स्थानीय परुर्वाधार विकास साझेदारी कार्यक्रम, प्रदेश साझेदारी कार्यक्रम,संघिंय साझेदारी कार्यक्रम र उपभोक्ता संग समेत साझेदारी गरी संचालन गर्न प्राथमिक्ता दिइनेछ ।

## ३. सिंचाई

कृषि पकेट क्षेत्रहरुको पहिचान गरी साना - सिंचाई आयोजनाहरु संचालन गरिनेछ । सिंचाई योजनाहरुलाई प्राथमिकता दिइनुको साथै पुरानो योजनाहरुको मर्मत सम्भारमा समेत जोड दिइनेछ । सिंचाई सुविधा बिस्तारको लागि डिप बोरिङ्ग र स्यालो टयूबेल जडान कार्यलाई अगाडि बढाइनेछ । .सम्मपूर्ण खेती योग्य जमिनमाहरुमा सिंचाईको प्रबन्ध मिलाउने कोशिस गरिनेछ ।

## ४. सुचना तथा सञ्चार

गाउँपालिका क्षेत्रभित्र सबैले सूचना तथा संचारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निजी क्षेत्रको आगमनलाई प्रवर्द्धन गरिनेछ । सर्वसुलभ रुपमा फोन तथा इन्टरनेटको विस्तार र वितरणलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

## घ) वातावरण तथा विपत ब्यवस्थापन

यस गाउँपालिकालाई हराभरा बनाउन तथा जलवायु परिवर्तन अनुकुलनमा सहयोग पुर्याउन हरियो गाउँ (Green Village)को अवधारणा अवलम्बन गरिनेछ । उक्त नीति अुरुप बाझो पर्ती, खेतबारीमा बृक्षारोपण गर्न (Agroforestry) प्रवर्द्धन गर्न निशुल्क बिरुवा उपलब्ध गराइने तथा प्रोत्साहन समेत गरिनेछ । विपत ब्यवस्थापन तर्फ विपत ब्यवस्थापन बिशेष कोषको स्थापना गरी आवश्यक सहयोग गरिनेछ । जल उत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक योजना संचालन गरिनेछ ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह

यस गाउपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई भौतिक पूर्वाधारमा जोड दिई कार्यालय ब्यवस्थित वनाई कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ । सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ । जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाई भ्रष्टचारमुक्त र सुशासनयुक्त बनाइनेछ र हरेक कार्यालयमा नागरिक वडापत्र राखिनेछ । वडा कार्यालयबाट गरेका सार्वजनिक सेवाप्रवाह तथा विकास निर्माण सम्बन्धि कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ । गाउँपालिकाको सामाजिक तथा आर्थिक

तथ्यांकहरु संकलन र अद्यावधिक गर्न तथा सूचना संजाल स्थापना गरी गाउँपालिका सूचना तथा अभिलेख केन्द्रलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ । गाउँपालिकामा वेभसाइडलाई व्यवस्थित गरी E Governace तर्फ उन्मुख हुनेछ ।

**च) वित्तिय व्यवस्थापन र सुशासन**

गाउपालिकाको क्रियाकलापलाई पारदर्शी, जवाफदेही, नियमित मितब्ययी बनाइनेछ । यसका लागि सामाजिक परिक्षण सार्वजनिक सुनुवाई, खर्च सार्वजनिकीकरण विधिहरुको आवलम्बन गरिनेछ । सेवाग्राहीलाई सुशासनको प्रत्याभुति दिलाउन कार्यालयहरुमा वडा नागरिकपत्रमा उल्लेखित समयको आधारमा सेवा प्रवाह गरिनेछ । बेरुजु फर्छौटलाई प्राथमिक्तामा राखिनेछ । बजेट विनियोजनको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ । सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरिय बनाउँदै लगिनेछ । सार्वजनिक प्रशासनलाई स्वचछ ,सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी , भष्ट्राचार मुक्त, जनउत्तरदायि र सहभागितामुलक बनाउँदै लगिनेछ ।

**आदरणीय उपस्थित महानुभावहरु**

उल्लेखित बजेट तर्जुमाका आधारमा अगामी आ.व. २०७६।०७७ मा गाउपालिकाको कुल अनुमानित बजेट रु.३२,९४,०१,५००। - ( बतिस करोड चौरान्बे लाख एक हजार पाच सय ) रहेको छ । जसमा नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु.९ करोड ५० लाख राजश्व वांडफाडबाट रु.६ करोड ७८ लाख र सर्शत अनुदान अन्तर्गत रु. ११ करो८ ७६ लाखमा राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम रु.११ लाख ७५ हजार , कृषि विकास तर्फ रु.१० लाख , पशु स्वास्थ्य ,रोग अन्वेशषण सेवा तथा क्वारेन्टाईन र पशुपन्छि स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम रु.६ लाख ४५ हजार, खेलकुद विकास कार्यक्रम तर्फ रु.१ लाख, शिक्षा तर्फ ८ करोड ७९ लाख ४ हजार, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम रु.६० लाख, स्वास्थ्य तर्फ प्राथमिक स्वास्थ्य, रोग नियन्त्रण, एकिकृत महिला स्वास्थ्य तथा प्रजजन कार्यक्रम , एकिकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, महामारी तथा रोग नियनत्रण कार्यत्रम, अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण जस्ता कार्यक्रम तफृ रु.२ करोड २ लाख ९९ हजार र २ नं. प्रदेश सरकारबाट बित्तिय समानिकरण तर्फ रु.६९ लाख ३७ हजार, बिशेष अनुदान रु.२० लाख , समपुरक अनुदान रु.३० लाख र सर्शत अनुदान रु.५० लाख र युनिसेफ नेपालबाट स्वास्थ्य शिक्षा,पोषण वालसंरक्षण खानेपानी तथा सरसफाई विपद जोखिम न्युनिकरण र बाल केन्द्रित योजना कार्यक्रमका लागि रु.१० लाख ६४ हजार ५ सय तथा थस गाउपालिकाको आन्तरिक राजश्व रु.६० लाख र अन्य आय (चालु आ.व.बाट खर्च हुन नसकि बाकी हुने अल्या रकम ) रु.२ करोड लाख ५० लाख गरी जम्मा रु.३२ करोड ९४ लाख १ हजार ५ सय अनुमानित आय प्रस्तुत गरेको छु ।

त्यसै गरी अगामी आ.व. २०७६/०७७ को लागि प्राप्त हुने वित्तिय समानिकरण अनुदान, आन्तरिक राजश्व तथा अन्थ आयको रकमबाट वडा स्तरीय योजना कार्यक्रम संचालन गर्न रु.३ करोड , कृषि विकास तर्फ रु.१ करोड, पशू विकास तर्फ रु.२५ लाख, स्वास्थ्य तर्फ रु.८० लाख , शिक्षा विकास तर्फ रु.२ करोड , खेलकुद विकास तर्फ रु.१० लाख, उर्जा तथा वबतबवरण तर्फ रु.२० लाख, न्यायिक समिति रु.२० लाख, सामाजिक विकास तर्फ रु.१ करोड २५ लाख , बिभिन्न कोषहरु रु.१ करोड २५लाख र गाउपालिका स्तरीय पूर्वाधार विकास योजना कार्यक्रमको लागि रु.तिन करोड २४ लाख ३७ हजार को अनुमानित बजेट विनियोजन गरी प्रस्तुत गरेको छु ।

चालु आ.ब. २०७५।०७६ को हाल सम्मको अवधि यस गाउपालिका.को लागी सन्तोष प्रद रहेको छ । राज्यबाट समयमै बजेट प्राप्त भई योजना/कार्यक्रमहरुको प्रगति सन्तोषजनक रहेको व्यवहोरा जानकारी गराउन चाहन्छु ।

अन्त्यमा यस सभामा प्रस्तुत भएका अनुमानित आय व्यय तथा बजेट सिमा भित्र परेका योजना कार्यक्रमहरुलाई सफल र प्रभावकारी रुपमा कार्यावन्यन गर्नका लागि सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दै बार्षिक योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउनुहुने वडा अध्यक्ष ज्यूहरु, वडा सदस्य ज्यूहरु, वडा सचिव ज्यूहरु,बिषयगत समितिका प्रमुख ज्यूहरु, यस गाउँपालिकाको कार्यालयमा कार्यरत सम्मपुर्ण कर्मचारी साथीहरुलाई बिशेष धन्यबाद दिन चाहन्छु ।

धन्यवाद ॥